**विविध निर्णयहरु :**

**निर्णय नं. १**

पदपूर्ति समितिबाट मिति २०७०/९/२८ मा पेश भएको आ.ब. ०७०/०७१ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण पाना १ र संगठन संरचना पाना १ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिका बैठकबाट स्वीकृत आ.ब. २०७०/०७१ को खरिद योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

चार्टर एकाउन्टेन्ट्स प्रेम भुर्तेलले मिति २०७०/८/१२ मा पेश गर्नु भएको आ.व. २०६९/०७० को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समाविष्ट सुझावहरु कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकारको भत्ता र न.पा. कर्मचारीहरुलाई दिई आएको तलव स्केलको २० प्रतिशत साविक बमोजिमको नगरपालिका अतिरिक्त भत्तालाई निरन्तरता दिने तथा केही कर्मचारीहरुलाई सो भत्ता बाहेक थप अतिरिक्त भत्ता समेत दिई आएकोमा एकै कर्मचारीलाई दोहोरो भत्ता दिन नीतिगत रुपमा नमिल्ने हुँदा २० प्रतिशत बाहेक अतिरिक्त भत्ता मिति २०७० साल माघ १ गते देखि लागु हुने गरी कटौती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस कार्यालयको आर्थिक बर्ष २०७१/७२ को स्वीकृत दरवन्दी अनुसार तलवी प्रतिवेदन पाना ७(सात) को विवरण अनुसार तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

राजस्व परामर्श समितिको मिति २०७०/९/२३ र २४ को बैठकबाट पारित निर्णय र राजस्व बृद्धिका बारेमा दिईएका राय, सल्लाह र सुझाव एवम् स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको श्रोत परिचालन तथा राजश्व सम्भाव्यता अध्ययन २०६९ बैशाखको प्रतिवेदनका आधारमा आगामी आ.ब. २०७१/७२ का लागी देहाय बमोजिमका करका दररेट संसोधन सहित पाना ११ (एघार) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आर्थिक बर्ष २०७०/०७१ को मार्ग मसान्त सम्मको यथार्थ आय र व्यय तथा आषाढ मसान्त सम्मको आय तर्फ विभिन्न शिर्षकमा संसोधन सहित थपघट गरी त्यस्तै व्यय तर्फ विभिन्न खर्च शिर्षकमा रकम थपघट गरी कुल रु १९,६१,९८,३७५।९९ को विवरण पाना थान ७(सात) अनुसार संसोधित अनुमानित आय व्यय विवरण पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

आगामी आर्थिक बर्ष २०७१/०७२ का लागी रु ३३,६३,७२,५००।- को अनुमानित आय तथा व्यय विवरण पाना ७(सात) पारित गर्ने निर्णय गरियो ।

*Important decision*

**निर्णय नं. १०**

नगरपालिकाद्धारा आयोजना गरिएको सामाजिक परीक्षणको मिति २०७०।६।१० मा प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सामाजिक परीक्षणबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ११**

नगरपालिकाद्वारा आयोजना गरिएको सार्वजनिक सुनुवाईको प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सार्वजनिक सुनुवाईबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगर क्षमता विकास कार्यविधि २०६६ बमोजिम यस आ.ब. मा भए गरेका काम कारवाहीहरु समीक्षा सहीत अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

**घर नक्सा स्वीकृती शुल्क देहाय अनुसार गर्ने निर्णय गरियो ।**

क) आर सि.सि सिमेन्टको जोडाईमा भुई तल्लामा प्रति स्क्वायर फिट रु ८।

ख) आर सि.सि सिमेन्टको जोडाईमा प्रथम तला र सो भन्दा माथि प्रति स्क्वायर फिट रु १० ।

ग) काठको टाडी वा काचो इटा गारो जोडाईमा प्रति स्क्वायर फिट रु १ ।

घ) घर नक्सा किताव प्रति गोटा रु ६०० ।

ङ) घर नक्सा प्रतिलिपी रु १५० ।

च) पर्खालको नक्सा पास गर्दा प्रति रनिङ फिट रु १५। लिने ।

छ) महिलाको नाममा नक्सा पास गर्दा नियमानुसार लाग्ने दस्तुरमा प्रति स्क्वायर फिट रु १।- (एक) छुट दिने ।

**निर्णय नं. १४**

आ.ब. ०७१/०७२ को लागि नगर परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

आ.ब. २०७१।०७२ मा सञ्चालन हुने सहरी सडक पिच मर्मत कार्यको सम्भाव्यता अध्ययन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

भवन तथा योजना मापदण्ड २०७० लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

भवन निर्माण तथा नक्शा पास सम्बन्धी कार्यविधी, २०७० लाई परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

नगर स्तरिय आयोजनाको बार्षिक प्रगति समिक्षाको प्रतिवेदन प्राप्त भई जानकारी भयो र बार्षिक प्रगति समिक्षा बैठकबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति, योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १९**

गत आ.ब. र चालु बर्षमा सञ्चालन भई सम्पन्न भएका ७५(पचहत्तर) वटा आयोजनाहरुको जाँचपाँस तथा फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

नगरपालिका र आसपासका गा.वि.स. दुवैलाई प्रत्यक्ष फाईदा पुग्ने निम्न जिल्ला स्तरिय आयोजनाहरु जि.वि.स. रुपन्देहीको बार्षिक कार्यक्रममा समाविष्ट हुन इलाका स्तरिय गोष्ठीमा सिफारिस गर्ने निर्णय गरियो ।

(क) सि.न.न.पा. वडा नं. ९ दुमदुमवा हुँदै हाटी फर्साटिकर सम्म जाने बाटो पीच गर्ने ।

(ख) सि.न.न.पा. वडा नं. ८ शिव मन्दिर (बसडिलहवा) हुँदै चिल्हिया गा.वि.स. जाने बाटोको पक्की नाला सहित पीच गर्ने ।

(ग) सि.न.न.पा. वडा नं. ११ पिपरहिया देखि सिसवा हुँदै दुर्गौलिया चौकी सम्म जाने बाटोमा पक्की पुल र बाटो पीच गर्ने ।

(घ) सि.न.न.पा. वडा नं. ९ गोनहिया देखि हाटी फर्साटिकर सम्म जाने बाटो पीच तथा नाली निर्माण गर्ने ।

(ङ) सि.न.न.पा. वडा नं. ८ उचमी पथ देखि पश्चिम तर्फको चिल्हिया जोड्ने बाटो पीच तथा नाली निर्माण गर्ने ।

(च) सि.न.न.पा. वडा नं. ८ कबरस्थानमा तारवार गर्ने ।

(छ) यु.सि. एम.एस. देखि सिद्धार्थराज मार्गमा जोड्ने बाटोमा पक्कि नाला सहित पिच निर्माण गर्ने ।

(ज) बसडिलिया वार्ड नं. ८ देखी वार्ड नं. ८ चिल्ड्रेन  पार्क सम्म बाटो पिच तथा नाला निर्माण गर्ने ।

(झ) वडा नं. ९ अर्न्तगतको गोनहिया एवम हाटी फर्साटिकर गा.वि.स. जाने बाटोमा रहेको पानगोडा नदी पुलमा ग्याबियन टेवा पर्खाल बनाउने र सडक पिच निर्माण गर्ने ।

(ञ) सि.न.पा. वार्ड नं. १ बेलहिया खुशलैन इस्लामिक गर्ल्स स्कुल निर्माण गर्ने ।

(ट) सि.न.पा. वार्ड नं. ६ शहिद पथमा निर्माणाधिन कान्दु वैश्य सेवा समितिको धर्मशाला निर्माण गर्ने ।

**निर्णय नं. २१**

आ.ब. ०७१/०७२ को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

(क) आधुनिक पशु वधशाला निर्माण गर्न रु. ५० लाख ।

(ख) पञ्च वाटिकालाई व्यवस्थित गरी आधुनिक पार्क निर्माणको लागि रु. १ करोड ।

(ग) लुम्बिनीमा आउने पर्यटकलाई आकर्षक गर्न बुद्धको मूर्ति सहित बुद्ध संग्रहालयको निर्माण गर्न रु. १ करोड ।

(घ) सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्रका पुरातात्विक महत्वका स्थानहरुको संरक्षण र प्रवर्द्धनका लागि रु. १ करोड ।

(ङ) वडा नं. ६ अन्तर्गत Children पार्कमा View Tower निर्माण र Children पार्कको आधुनिकीकरणको लागि रु. १ करोड ।

**निर्णय नं. २२**

रु. ५ लाख भन्दा बढीका योजनाहरुमा कुल लागत रकमको ३% (ओभरहेड र भ्याट बाहेक) रकम मर्मत सम्भार कोषको लागि छुट्याई सोही प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

उपभोक्ता समितिद्वारा निर्मित सबै आयोजनाहरुमा प्रति उपभोक्ता प्रति फुट मोहडामा रु. ५० का दरले उपभोक्ता समितिको मर्मत सम्भार कोषमा जम्मा गरी सोही कार्यक्रममा खर्च गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरी योजना कार्यान्वयन गर्ने र घर नक्शा दर्ता गर्दा प्रत्येक घर नक्शाबाट रु. ५००।- का दरले मर्मत सम्भार शुल्क लगाउने र सो रकम मर्मत सम्भार कोषमा जम्मा गरी सोही प्रयोजनको लागि खर्च गर्ने यस पूर्व गरिएको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपालिकाले रु. २५ लाख वा सो भन्दा बढी रकम लगानी गरी सम्पन्न अवधि २ बर्ष पुगि सकेको योजनाहरुको लागि तयार गरिएको प्रभाव मूल्यांकन प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगरपालिकामा कार्यरत निम्न कर्मचारीहरुको कार्यसम्पादन स्तर उत्कृष्ठ रहेको देखिएकोले निजहरुको कार्यको प्रशंसा गर्दै देहायको दरमा नगद पुरस्कार तथा प्रशंसा पत्र प्रदान गर्ने निर्णय गरियो ।

क) सहायक स्तर चौथो श्री विनोद कुमार कर्ण रु ५,००० ।

(ख) सहायक स्तर चौथो कम्प्युटर अपरेटर श्री राजेश कुमार अमात्य रु ५,०००।

(ग) कार्यालय सहयोगी श्री राजेन्द्र अहिर रु ५,००० ।

घ) कार्यालय सहयोगी श्री डिम्वा कुमारी क्षेत्री रु, ५,०००

**निर्णय नं. २६**

नगरपालिकाको कार्य व्यवस्थापनलाई प्रभावकारी र सम सामयिक वनाउन निम्न अनुसारका कामहरु सम्पादन गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क) मनोरन्जन कर र विज्ञापन कर असुली कार्यलाई प्रभावकारी बनाउने व्यवस्था गर्ने ।

(ख) योजनागत बजेट विनियोजन गर्ने व्यवस्था गर्ने ।

(ग) प्रोदभावी लेखा प्रणाली आगामी आर्थिक वर्ष २०७१/०७२ देखि लागू गर्न आवस्यक व्यवस्था गर्ने ।

(घ) विभिन्न रसीदका अभिलेख व्यवस्थित गरी राख्ने व्यवस्था गर्ने ।

(ङ) असुल गर्नु पर्ने बेरुजु रकम तुरुन्त असुल गरी बेरुजु फछ्र्यौट गराउने व्यवस्था गर्ने ।

(च) उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुमा सार्वजनिक परीक्षण भएको प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

(छ) इन्धन खर्च सम्बन्धमा सबै सवारी साधनहरुको लगबुक राख्ने व्यवस्था गर्ने ।

(ज) न.पा.को स्वामित्वमा रहेको अचल सम्पत्तीको अभिलेख दुरुस्त राख्ने व्यवस्था गर्ने ।

**निर्णय नं. २७**

(क) न.पा. अन्तर्गत रहेको बाल उद्यान निजी क्षेत्रबाट संचालनको लागि प्रस्ताव आहवान गर्ने ।

(ख) व्यवसाय कर उठाउन वडा सचिवहरुलाई परिचालन गर्ने ।

(ग) बैंक रोड, नारायण स्थान, हाटबजारपथ र आँखा अस्पतालका सडकहरुमा सवारी पार्किङ गर्ने सवारी साधनलाई स-शुल्क पार्किङ लिन निजी क्षेत्रलाई आव्हान गर्ने ।

घ) सार्वजनिक नीजि साझेदारी कार्यक्रमलाई यथावत राखी निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

नेपाल सरकारले महिलाको नाममा घरजग्गाको स्वामित्व आउने गरी स्वामित्व हस्तान्तरण हुँदा नियमायनुसार लाग्ने रजिष्ट्रेशन दस्तुर तोकिए अनुसार छुट दिने व्यवस्था गरे अनुरुप नगरपालिका क्षेत्र भित्रको मिनही घरवासको जग्गा स्वामित्व हस्तान्तरण सम्बन्धी नगरपालिकामा कारोवार हुँदा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट दिने निर्णय गरियो ।

**निर्णय नं. २९**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५(पन्ध्र) प्रतिशत रकम छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ३०**

नगरपालिका क्षेत्र भित्र व्यवसाय गरी आन्तरिक राजश्व कार्यालय वाणिज्य कार्यालय तथा साना उद्योग कार्यालयमा विगत १०/१५ वर्ष देखि दर्ता गरी आएका व्यवसायीहरुलाई आगामी बर्ष २०७१।७२ को कार्तिक मसान्त सम्म न.पा. मा व्यवसाय दर्ता गर्न आएमा सोही आर्थिक बर्षको मात्र व्यवसाय कर तथा सेवा शुल्क लिई दर्ता गरी दिने र सो अवधि पश्चात आएको व्यवसायीको हकमा आ.ब. २०७०।०७१ को नीति अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

(क) सार्वजनिक निजी साझेदारीको अबधारणा अर्न्तगत सिद्धार्थनगर नगरपालिका र बेलहिया गाउँ समाजको साझेदारीमा बेलहिया वार्ड नं. १ मा सशुल्क पार्किङ व्यवस्था गर्न न.पा.ले गरेको निर्णयलाई अनुमोदन गर्ने र आगामी आ.ब. मा पनि पार्किङ स्थललाई अझ व्यवस्थित गरी प्रभावकारीका साथ सञ्चालन गर्ने साथै हाल सो स्थानमा जिल्ला विकास समिति  रुपन्देहीको सहयोगमा निर्माण भई हाल बेलहिया गाउँ समाजको सहकार्यमा स-शुल्क सञ्चालीत सार्वजनिक शौचालय समेत सार्वजिनक नीजि साझेदारी अवधारण अन्तरगत  स-शुल्क पार्किङ्ग संगै एकिकृत रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

आ.ब.२०७१/०७२ को लागी विपद जोखिम व्यवस्थापन योजना (DRMP) स्वीकृत गर्ने निर्णय गरियो  ।

**निर्णय नं. ३३**

नेपाल सरकारले सन २०१७ सम्म नेपाललाई खुला दिशा मुक्त बनाउने लक्ष्य राखे अनुसार सिद्धार्थनगर नगरपालिकामा गठित नगर स्तरिय खानेपानी तथा स्वच्छता समन्वय समितिले सिद्धार्थनगरलाई वि.स. २०७१ आषाढ सम्ममा खुला दिशा मुक्त नगर घोषणा गर्न गरेको नीतिगत निर्णयलाई अनुमोदन गर्ने र यो घोषित अभियानलाई सफल पार्न कार्ययोजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३४**

नगरपालिका र नगर विकास कोषको लागत सहभागितामा हाल नगरको नारायण पथ, मिलन चौक क्षेत्रमा निर्माणाधिन फुटपाथलाई प्रहरी प्रशासन, व्यापारी र नागरिक समाजको सहयोगमा प्रभावकारीका साथ कार्यान्वयनमा लैजाने र नगरको अन्य क्षेत्रहरुमा पनि फुटपाथलाई व्यवस्थित गर्दै लैजाने कार्यनीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

सिद्धार्थनगर नगरपालिकामा हाल कार्यान्वयनमा रहेको एकिकृत सम्पत्ति कर कार्यविधि, २०६७ मा व्यवस्था भएको करदाताले फाराम दाखिला गर्दा नियमानुसार लाग्ने विलम्व शुल्क लिने निर्णय गरियो ।

**निर्णय नं. ३६**

सिद्धार्थनगर नगरपालिकाको निर्णयानुसार न.पा. वोर्डको मिति २०७०।९।१८ मा निम्नानुसारको कर्मचारीलाई स्थायी बढुवा/ नियुक्ति गर्ने गरेको निर्णयलाई अनुमोदन गरियो ।

**तपसिल**

| क्र. सं. | नाम थर | वि.नं. | पद | सेवा | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री यादव प्रसाद सापकोटा | ३/०६८/६९ | अधिकृत स्तर छैठौं | प्रशासन | २०७०।९।११ | खुला |
| २ | श्री योगराज पन्थी | ६/०६८/६९ | सहायक स्तर पाँचौ | प्रशासन | २०६९।१०।२६ | बढुवा |
| ३ | श्री लक्ष्मण गिरी | ५/०६८/६९ | सहायक स्तर पाँचौ | प्रशासन | २०७०।९।१७ | खुला |
| ४ | श्री हिरा बराल | ८/०६८/६९ | सहायक स्तर चौथो | प्रशासन | २०७०।९।१७ | महिला (खुला) |
| ५ | श्री चुरामणी सारु | ९/०६८/६९ | सहायक स्तर चौथो | प्रशासन | २०७०।९।१७ | जनजाती(खुला) |
| ६ | श्री सुवाष गुप्ता | १०/०६८/६९ | सहायक स्तर चौथो | प्रशासन | २०७०।९।१७ | मधेशी (खुला) |
| ७ | श्री रिना गिरी | ११/०६८/६९ | सहायक स्तर चौथो | प्रशासन | २०७०।९।१७ | खुला |
| ८ | श्री बसन्त घिमिरे | ११/०६८/६९ | सहायक स्तर चौथो | प्रशासन | २०७०।९।१७ | खुला |

**निर्णय नं. ३७**

सिद्धार्थनगर नगरपालिकाको नगरपार्श्वचित्र Profile संसोधन सहित पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

नगरपालिकाले विद्युतिय बोलपत्रलाई निरन्तरता दिदै कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

सिद्धार्थनगर नगरपालिकाको नागरिक वडापत्रलाई परिमार्जन गरी कार्यान्यन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

निम्नानुसार को विनियम, कार्यबिधि र निर्देशिकालाई संसोधन(परिमार्जन) गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) नगरपालिकाको कर्मचारी विनियमावली २०६७ लाई संसोधन गरी कार्यान्वयन गर्ने ।
(ख) मासु पसल निरिक्षण तथा व्यवस्थापन कार्यविधि २०७० पारित गर्ने ।
(ग) कर्मचारी कल्याण कोष सञ्चालन विनियमावली २०६७ संसोधन गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ४१**

प्राविधिक प्रकृतिका कामहरु प्रचलित ऐन नियमहरुको परिधिभित्र रहि दैनिक ज्यालादारी तथा सेवा करार मार्फत कार्य गर्ने गराउने व्यवस्था गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४२**

जनस्वास्थ्य प्रर्वधन सम्बन्धि सम्बद्ध निकायहरुको सहयोग र समन्वयमा निम्नानुसार कार्यक्रम सञ्चालन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

क) आँखा उपचार शिविर
ख) दाँत उपचार शिविर
ग) साधारण स्वास्थ्य उपचार शिविर
घ) विभिन्न जनचेतना मुलक कार्यक्रम

**निर्णय नं. ४३**

नगरयातायात गुरु योजना, २०७० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई न.पा. बाट सिफारिश दस्तुर तथा नक्सा पास दस्तुरमा दिई आएको छुट सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४५**

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवहारिक रुपमै प्रभावकारी रुपमा व्यवस्थापन गर्न नगरको पहिचान गरिएको मुख्य बजार क्षेत्रहरुको फोहोर मैला व्यवस्थापन सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तरगत सञ्चालन गर्न आवश्यक अध्ययन गरी सम्बन्धित संस्था तथा समुदायीक संस्थाहरुबाट चालु आ.ब. २०७०/७१ भित्रै प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. २ को पञ्चवाटिकाको संरक्षण र सञ्चालन स्थानीय सामुदायिक संस्था संगको सहकार्यमा सार्वजनिक नीजि साझेदारी अवधारण अन्तरगत चालु आ.ब. २०७०/०७१ देखि नै सञ्चालन गरिने छ ।

**निर्णय नं. ४७**

चालु आ.ब. २०७०/०७१ देखि नै लागु हुने गरी विपद कोष स्थापना गरी प्रत्येक आर्थिक बर्षमा उक्त कोषमा जम्मा हुने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

सिद्धार्थनगर नगरपालिका पदपुर्ति समितिको वि.नं १।०६८।०६९, अधिकृत स्तर छैठौं, सेवा प्रशासन, शाखा अधिकृत पदमा स्थायी नियुक्तिका लागी पदपुर्ति समितिबाट सिफारिश भएका व्यक्ति हाजिर हुन नआएमा सो पद स्वतः खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

चालु आ.ब. २०७०/७१ मा नै नगरपालिकाको नागरिक वडापत्र परिमार्जन गरी क्षतीपुर्ति सहितको नागरिक वडापत्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**१७ औं नगरपरिषद सफलतापूर्वक सम्पन्न भयो ।**

वार्षिक कार्यक्रम तर्जुमा गर्दा मुलतः नगरवासीहरुको आवश्यकता र प्राथमिकता एवम नगरपालिकाले तर्जुमा गरेको आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेको **"पर्यटन उद्योग, व्यवसाय र शिक्षा, हराभरा बुद्धभूमि शिद्धार्थनगरको ईच्छा"** भन्ने दुरदृष्टि र नेपाल सरकारको त्रिवर्षिय योजनाले राखेका विकासका लक्ष्य तथा उद्धेश्यलाई केन्द्र विन्दुमा राखी देहायका क्षेत्रगत नीतिहरुलाई निरन्तरता दिईने छ।

## भौतिक पूर्वाधार विकास नीति

१. नेपाल सरकार तथा एसियाली वैंकको अनुदान सहयोगमा यस नगरपालिकामा सञ्चालन हुने एकिकृत शहरी विकास परियोजना कार्यान्वयनका लागि नगरपालिकामा निर्माण गरिएको परियोजना कार्यान्वयन इकाईलाई प्रभावकारी एवम दक्षतापूर्वक सञ्चालन गरिने छ।

२. नगरपालिका क्षेत्रभित्र जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति तथा संस्थाहरुलाई नगरपालिकाको जग्गा विकास गुरु योजना (प्लटिंङ) मा भएको प्रावधान पूर्ण रुपमा पालना गर्ने व्यवस्था गरिने छ।

३. नगरको कृषि क्षेत्र देखि बाहेक मुख्य वस्तीहरुमा नाला निर्माण भई सकेका सडकहरुमा मात्र पिच सडक निर्माण गर्न प्राथमिकता दिईने छ।

४. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ, साथै योजनागत सार्वजनिक परीक्षणलाई प्रभावकारी, व्यवस्थित र नियमित गरिने छ।

५. न.पा.बाट सञ्चालन हुने पूर्वाधार विकाससम्बन्धी योजनाहरुमा अधिकतम जनसहभागिता परिचालन गरी त्यस्ता योजनाहरुमा जनस्वामित्व प्रवर्द्धन गर्ने नीति लिईने छ।

६. न्यूनतम ५ लाख भन्दा बढी लागतका भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको लगत इष्टिमेट तयार गर्दा नै कूल लागतको ३ प्रतिशतका दरले रकम छुट्याई मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवश्था यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याइने छ।

७. स्थानीयस्तरमा सञ्चालन हुने योजनाहरुको लागि गठन हुने उपभोक्ता समिति सञ्चालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त भएको निर्देशन पूर्ण रुपमा पालना गरिने छ।

८. न.पा. क्षेत्र भित्र गरिने भौतिक पूर्वाधार विकास निर्माण कार्यमा ठेक्का पट्टा कार्यलाई पारदर्शि, प्रतिस्पर्धात्मक र समान अवसर श्रृजना गर्न ५० पचास लाख भन्दा बढी लागत भएको योजनाको कार्यान्वयन E-bidding मार्फत कार्य गर्ने नीति लिईन छ।

९. न.पा.को राजस्व संकलन र अन्य विषयगत क्षेत्रलाई व्यवस्थित गर्न न.पा.मा Geographical System लाई संचालनमा ल्याउने नीति लिईने छ।

१०. नगरमा रहेको ढल निकासको समस्यालाई दीर्घकालिन रुपमा नै समाधान गर्न आवस्यक कार्यक्रम निर्माण गरी सञ्चालन गरिने छ।

११. नगरको सवै वडाहरुमा सडक तथा नालाहरु अतिक्रमण गरी निर्माण भएका संरचनालाई हटाउने कार्यलाई निरन्तरता दिईने छ।

## घर नक्शा पास सम्वन्धि नीति

१. नेपाल सरकारबाट जारी भएको भवन आचारसंहिता (Building Code) पूर्ण रुपमा कार्यान्वयन गर्न स्थानीय स्तरमा दक्ष जनशक्ति (डकर्मि तालिम) निर्माण गर्दै लगिने छ।

२. घर निर्माणको स्वीकृती दिंदा भवन निर्माण मापदण्ड तथा सडकको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने गराउने कार्यलाई निरन्तरता दिईने छ ।

३. यस पूर्व शुरु भएको घर नम्बरिंग कार्यलाई निरन्तरता दिंदै आगामी बर्षमा वडा नं. ७ र वडा नं. १२ को बसन्त पथ, वडा नं. ५ र वडा नं. १३ को हाटबजार पथ, वडा नं. ७ र वडा नं. १२, वडा नं. ८ को वी .पी पथदेखि जनक पथसम्मका क्षेत्रहरुमा घर नम्बरिङ्ग गरिने छ ।

४. घर निर्माणको स्वीकृति दिँदा यस पूर्वको एक घर दुई रुख लगाउने नीतिलाई निरन्तरता दिँदै यसलाई पूर्ण रुपमा पालना गराइने छ ।

## सामाजिक विकास सम्वन्धि नीतिहरु

### (क) महिला शसक्तिकरण नीति

१. महिला तथा एकल महिलाको श-शक्तिकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्न छुट्टै वजेटको व्यवस्था गरी सरोकारवाला सँस्थाहरुको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

२. नगरपालिकाबाट सञ्चालित महिला हस्तकला केन्द्रबाट प्रदान गरिने सीप विकास सम्बन्धी तालिमलाई बढी व्यवहारिक र आय आर्जन मूलक बनाउने नीति लिइने छ ।

३. महिला हक सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

४. महिलाहरुको लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ । तयारी कक्षा सञ्चालन गर्दा आर्थिक र सामाथिक रुपले पछाडी परेका जातजातिका महिलाहरुको सहभागिता हुने व्यवश्था गरिने छ ।

५. नगरपालिका क्षेत्रमा सञ्चालित महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

### (ख) वातावरण तथा सरसफाई सम्वन्धि नीति

१. वातावरण तथा सरसफाई संग सम्बन्धित नगरपालिका क्षेत्र भित्र गठित महिला समूहहरुको क्षमता विकासको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

२. विभिन्न वडाहरुमा गठित फोहोरमैला समूहका सदस्यहरु मार्फत बृक्षारोपण तथा फोहोरमैला न्युनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

३. नगर क्षेत्र भित्रका सडकका दायाँ बायाँ तथा खाली जग्गा पहिचान गरी सो क्षेत्रमा स्थानीय समुदाय र संस्थाहरुको सहकार्यमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिक प्रयोग (कालो प्लाष्टिक) न्युनिकरणका लागि विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गरिने छ ।

५. प्लाष्टिकको झोला प्रयोग सम्बन्धी नेपाल सरकारले अख्तियार गरेको नीतिलाई कडाईका साथ अवलम्बन गरिने छ ।

६. नगरपालिका क्षेत्रमा फोहोर मैला व्यवस्थापन सम्वन्धि कार्य गर्दा साझेदार सँस्थाहरुको सहकार्यमा गर्ने नीति अख्तियार गरिने छ ।

७. वातावरण संरक्षण कार्यक्रम प्राथमिकतामा राखी प्रत्येक नगरवासीको घरमा २ रुख लागाउने कार्यक्रमलाई अनिवार्य रुपमा सञ्चालन गरिने छ ।

८. सिद्धार्थनगर वसपार्कलाई व्यवस्थित र वातावरण मैत्री वनाउन यसै आर्थिक वर्षमा  सुधारका लागि आवश्यक कार्य गरिने छ ।

९. फोहोरलाई श्रोतमानै न्युनीकरण गर्न समुदायस्तरमा स्थानीय सँघसँस्थाहरु मार्फत सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०. फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी र नियमित गर्न नगरपालिकामा रहेको जनसाधन र अन्य साधनलाई समुदायको आवस्यकता अनुरुप परिचालन गरिने नीति लिईने छ ।

११. नगरपालिका क्षेत्र भित्रको पार्कहरु स्थानीय संघ संस्थाहरुको सहकार्यमा सार्वजनिक नीजि साझेदरी अवधारणा अन्तरगत सञ्चालन र संरक्षण गरिने छ ।

**(ग) जनस्वास्थ्य व्यवस्थापन सम्वन्धि नीति**

१. वडा नं. ९ र १० मा सञ्चालनमा आएको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ र, आवश्यकता अनुसार अन्य वडाहरुमा पनि शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिइने छ ।

२. नगर क्षेत्र भित्रका महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्न अवलोकन भ्रमणमा पठाईने छ ।

३. नगरपालिका क्षेत्रभित्र कार्यरत सम्बद्ध संस्थाहरुसंगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर (आँखा, दाँत तथा सधारण स्वास्थ्य परीक्षण) कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरपालिकाबाट पहिचान भएका विपन्न वस्तीहरुमा सामुदायिक स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ ।

५. खुला दिशा मुक्त क्षेत्र घोषणा तयारीको लागि वडा पहिचान गरि चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

६. शहरी स्वास्थ्य केन्द्रबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई वढी समुदायमुखी वनाईने छ ।

७. सि.न. पा. लाई पूर्ण खोप घोषणाका लागी सम्बन्धित निकायको सहयोग र समन्वयमा पूर्व तयारी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

८. सिद्धार्थनगरलाई वि.स. २०७१ आषाढ मसान्त सम्म खुल्ला दिषामुक्त नगर घोषणा गर्ने लक्ष्य हासिल गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

## (घ) गरिबी न्युनीकरणसम्वन्धि नीति

१. स्थानीय स्वायत्त शासन तथा सामुदायीक विकास कार्यक्रम(LGCDP-2) अन्तरगत केन्द्रबाट प्राप्त भएको बजेटबाट समुदाय परिचालन मार्फत देहायका गरिबी न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ ।

(क) समुदाय परिचालनको माध्यमबाट आर्थिक र सामाजिक दृष्टिले पछाडी परेका र पछाडी पारिएका समुदायहरुमा गरिवी न्यूनीकरण गर्न आयआर्जनमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(ख) नगरपालिकाले छनौट गरेका गरीब वस्तीहरुमा गरिबी न्युनीकरण कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार, आयआर्जन र क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

(ग) नगरपालिकाले गरेको गरिबी नक्शांकनबाट पहिचान भएका विपन्न वस्तीहरुमा गरिबी न्युनीकरण गर्न आय आर्जनका कार्यक्रमहरु समुदायको माँगको आधारमा सञ्चालन गरिने छ ।

## (ङ.) बाल विकास सम्वन्धि नीति

१. बाल विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न वडा तथा विद्यालयहरुमा बाल क्लब गठन गरी चेतनामूलक (बाल अधिकार) कार्यक्रम सञ्चालन गरिने छ ।

२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत अपांङ्ग बालबालिका विद्यार्थीहरुलाई १ जोर स्कूल पोशाक विद्यालयबाट प्राप्त अभिलेखका आधारमा उपलब्ध गराईने छ ।

३. नगरपालिका क्षेत्रमा बालश्रम नियन्त्रण गर्न सम्वद्ध सँघसँस्थाहरुको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

४. सडक बाल बालिका र बाल श्रममा लागेका बाल बालिकाहरुको पहिचान गरी निजहरुको पुनस्थापनाको लागी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

## (च) समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनसम्वन्धि नीति

१. समुदाय परिचालन प्रकृयालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका कार्यालयमा रहेको सामाजिक विकास शाखालाई व्यवस्थित गरिने छ ।

२. नगरपालिका क्षेत्रभित्र ६ वटा वडाहरुमा सञ्चालित समुदाय परिचालन कार्यक्रम अन्तरगत गठित वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई संस्थागत गर्न क्षमता विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

३. समुदायस्तरमा वातावरण तथा फोहोरमैला व्यवस्थापनसम्वन्धि कार्यक्रमहरु समुदाय मार्फत सञ्चालन गरिने छ ।

४. नगर क्षेत्रका एक एक जना पुरुष तथा महिला जेष्ठ नागरिकहरुलाई प्रत्येक आर्थिक वर्ष सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. नगरपालिकाबाट सञ्चालन गरिने मुलतः सीप तथा क्षमता विकास कार्यक्रमलाई पुर्णतः समावेशी वनाई सो कार्यक्रमहरु सम्वन्धित क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी निकाय, संघ सँस्थाहरुको सहकार्यमा गर्ने नीति लिईने छ ।

६. नगरपालिका भित्र विभिन्न प्रयोजनका लागि निर्माण भएका सामुदायिक सँस्थाहरुको सँस्थागत विकासका लागि सम्वन्धित सँस्थासँगको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

## (छ) समावेशी विकास नीति

१. नगरपालिकाबाट तर्जुमा गरिने सामाजिक तथा पूर्वाधार विकासका योजना तथा कार्यक्रमलाई समुदायमुखी एवम समाववेशी वनाउने नीति लिईने छ ।

२. महिला ,दलित , आदिवासी जनजाति, बालबालिका, अशक्त अपांग, एकल महिला, असहायको उत्थान एवम सशक्तिकरणका लागि नगरपालिकामा सो क्षेत्रमा कार्यरत संघसँस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## (ज) शिक्षा, सँस्कृति,कला तथा खेलकुद विकास सम्वन्धि नीति

१. नगरपालिकाबाट सञ्चालित पुस्तकालयलाई व्यवस्थित तरिकाबाट सञ्चालन गर्न व्यवस्थापनमा सुधार गरिने छ ।

२. नगरपालिका क्षेत्रमा खेलकुद विकास गर्न निर्माण भएका क्लवहरुलाई प्रोत्साहन गर्न सहयोग गरिने छ ।

३. साहित्य, कला र सँस्कृतिको विकासका लागि आवस्यक कार्यक्रमहरु सरोकारवाला सँस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ ।

४. शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकामा सामुदायिकस्तरबाट सञ्चालित उच्च माद्यमिक विद्यालय र अन्य विद्यालयहरुलाई आवस्यकता र प्राथमिकताका आधारमा व्यवस्थापन सहयोग गर्ने नीति लिईने छ ।

## (झ) सुशासन प्रवर्धन तथा संगठन विकास नीति

१. नगरपालिकाबाट प्रवाह गरिने सवै प्रकारका सेवालाई कर सँग आवद्ध गर्दै लगिने छ ।
२. सूचना शाखालाई साधन सम्पन्न र व्यवस्थित गरिने छ ।

३. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवाहरुलाई जनमुखी गर्दै लगिने छ ।

४. नगरपालिकाको नागरिक वडापत्रलाई परिमार्जन सहित प्रकाशन गरिने छ ।

५. सबै वडा समितिको कार्यालयहरुमा नागरिक बडापत्र होर्डिङ्ग बोर्ड राखिने छ ।

६. नगरपालिकाबाट भएका प्रकाशनहरुलाई अभिलेखवद्ध गर्दै लगिने छ ।

७. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान भ्रमणको लागि विभिन्न नगरपालिकाहरुमा पठाईने छ ।

८. नगरपालिकाको कार्यप्रक्रिया सरलीकरण गर्न निर्माण भएको कार्यविधी र निर्देशिका लागु गरिने छ ।

९ .कर्मचारीहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिईने छ ।

१०. क्षमता विकास योजनालाई परिमार्जन सहित कार्यान्वयन गरिने छ ।

११. सुशासन प्रवर्धन कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।

१२. वडा समितिको कार्यालयबाट प्रवाह गरिने सार्वजनिक सेवालाई सरल, छिटोछरितो जनमुखी वनाउने नीति लिइने छ ।

१३. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन प्रणालीलाई कर्मचारीले सम्पादन गरेको कामसँग आवद्ध गरी परिणाममुखी वनाउने नीति लिईने छ ।

१४. नगरपालिकाबाट सम्पादन हुने कामलाई सरल छिटोछरितो र जनमुखी वनाउने कार्यमा शाखा प्रमुखहरुलाई वढी जिम्मेवार वनाउने नीतिलाई प्रभावकारी वनाउन शाखा तथा उपशाखा प्रमुखहरुको वैठकलाई नियमित र प्रभावकारी वनाईने छ ।

## (ञ) सार्वजनिक निजी साझेदारी व्यवस्थापनसम्वन्धि नीति

१. नगरपालिका क्षेत्रभित्रका सामुदायिक भवन तथा बाल उद्यानहरु(पार्क) सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

२.नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तरगत साझेदारी संस्थाहरुको सहकार्यमा गरिने छ ।

## (ट) सार्वजनिक सम्पत्ती  संरक्षण तथा व्यवस्थापनसम्वन्धि नीति

१. जिन्सीको सफ्टवेयर निर्माण गरी सो अनुसार सम्पत्तीको अभिलेख राखिने छ ।

२. नगरपालिकामा रहेको सम्पत्ति व्यवस्थापन र संरक्षण गर्न  प्रयोगमा आउन नसक्ने तथा मर्मत संभार गर्न वढी लागत लाग्ने जिन्सी सामग्रीहरु लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३. जिन्सी निरीक्षणबाट प्राप्त सुझावहरुको सामयिक कार्यान्यवन गर्दै लगिने व्यवस्था गरिने छ ।

४. नगर क्षेत्र भित्र रहेका सार्वजनिक प्रति जग्गाको अभिलेखन राखी संरक्षणको आवस्यक व्यवस्था गरिने कार्यलाई निरन्तरता दिईने छ ।

## (ठ) आन्तरिक आय बृद्धि तथा राजस्व व्यवस्थापनसम्वन्धि नीति

१. बक्यौता रहेका व्यवसाय कर असुली कार्यलाई प्रभावकारी गर्न घरदैलो कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिने छ ।

२. नगरपालिकामा आ.ब. ०६९/०७० देखि लागु भएको एकिकृत सम्पत्ति करलाई व्यवस्थित र अभिलेखबद्ध गर्दै लगिने छ ।

३. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

४. कर प्रणालीलाई व्यवस्थित, पारदर्शी र जनमुखी गर्न विभिन्न सञ्चार माध्यमबाट  करका दरहरु प्रचार प्रसार गरिने छ ।

५. नगर क्षेत्रको संभाव्य सार्वजनिक स्थानहरुमा हुने यातायातका साधनहरुको पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्न सरोकारवालाहरुको सहमति र सहयोगमा सवारी साधन पार्किङ्ग शुल्क संकलन गर्ने कार्य निरन्तरता दिईने छ ।